# नेपाल वातावरण समाज (Nepal Environment Society) को विधान
# २०७०

**प्रस्तावना:** पृथ्वीमा बढ्दो जनसंख्याको चाप, खनिज तेल, कोइला एवं अन्य प्राकृतिक संसाधनको लापरवाहीयुक्त प्रयोग, व्याप्त गरिवी, मानव विलासिता, विश्वव्यापीकरण, औद्योगिकिकरण जस्ता प्रक्रिया तथा क्रियाकलापहरुको कारण वातावरणमा प्रतिकुल प्रभावहरु देखापर्न थालेका छन् । जैविक विविधतामा ह्रास, जलवायू परिवर्तन, वातावरणीय प्रदुषण जस्ता वातावरणीय समस्याहरुवाट नेपाल पनि अछुतो रहेको छैन । यस्ता वातावरणीय समस्याको अध्ययन अनुसन्धान तथा उचित समाधान गर्न नेपाल लगायत संसारका विभिन्न मुलुकका शैक्षिक संस्थाहरुले दक्ष जनशक्ति उत्पादन गरिरहेका छन् र उनीहरुले आ-आफ्नो स्थानमा योगदान गरिरहेका छन् । वातावरणीय समस्याहरुवाट जोगिन वा उचित समाधान निकाल्न सामूहिक प्रयासको टड्कारो आवश्यकता रहेको साथै वातावरण सँग सम्वद्ध जनशक्तिको हकहितको समेत सुनिश्चितताका लागि साझा संस्थाको रुपमा 'नेपाल वातावरण समाज' गठन गरिएको छ ।

## परिच्छेद - १: प्रारम्भ

१. **संस्थाको नाम र प्रारम्भः**

***(क) संस्थाको नाम:*** यस संस्थाको नाम **नेपाल वातावरण समाज** हुनेछ र यसलाई अंग्रेजीमा **Nepal Environment Society** र छोटकरीमा NES भनिनेछ ।

***(ख) संस्थाको कार्यालय रहने ठेगाना:*** यस संस्थाको केन्द्रीय कार्यालय काठमाण्डौमा रहनेछ । आवश्यकता अनुसार स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लाहरुमा समेत कार्यालय खोल्न सकिनेछ ।

***(ग) संस्थाको कार्य क्षेत्र:*** यस संस्थाको कार्य क्षेत्र काठमाडौं जिल्ला भरी हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई मात्र नेपाल राज्य भित्र संस्थाको कार्य क्षेत्र विस्तार गर्न सकिने छ ।

***(घ) प्रारम्भ:*** यो विधान दर्ता भएको मितिदेखि लागू हुनेछ ।

***(ङ) संस्थाको अस्तित्व :*** यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला पेशागतरुपमा संगठित स्वशाषित गैर नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक अन्य आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा:

(क) "वातावरण समाज" भन्नाले वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग क्षेत्रमा कार्यरत विज्ञ, विशेषज्ञ तथा पेशागत रुपमा वातावरणको क्षेत्रमा कार्यरत, अध्ययनरत व्यक्ति तथा संस्थाहरुको साझा संगठन वा समूह भन्ने वुझिन्छ ।

(क) "स्थानीय निकाय" भन्नाले गा.वि.स., न.पा., जि.वि.स. समेतलाई जनाउनेछ ।

(ख) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ ।

(ग) “विधान” भन्नाले नेपाल वातावरण समाजको विधान २०७० लाई जनाउनेछ ।

(घ) “सदस्य” भन्नाले परिच्छेद ३ को दफा ७, ८, ९ बमोजिमका व्यक्तिहरु जनाउनेछ ।

(ङ) “कार्यकारिणी सदस्य” भन्नाले साधारणसभाले निर्वाचित गरेका कार्यकारिणी सदस्यहरु जनाउनेछ ।

(च) “पदाधिकारी” भन्नाले कार्यकारिणीमा निर्वाचित विभिन्न पदका व्यक्तिलाई जनाउनेछ ।

(छ) “कार्य समिति” भन्नाले साधारण सभाद्धारा निर्वाचित यस विधानको दफा १४ बमोजिम संस्थाको दैनिक कार्य सञ्चालन गर्न गठित समितिलाई जनाउनेछ ।

(ज) “नियम, विनियम” भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउदछ ।

(झ) “तोकिएको, तोकिएबमोजिम” भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

**३. संस्थाको छाप र चिन्हः**

यस संस्थाको आफ्नो छुट्टै छाप र चिन्ह हुनेछ । संस्थाको छाप अनुसुची १ बमोजिमको हुनेछ ।

## परिच्छेद - २ उद्देश्य

**४. संस्थाको उद्देश्यः** प्रचलित कानूनको दायरामा रही नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट लागू गरिएका मार्गदर्शन र परिपत्रहरु समेतलाई पालना गर्ने गरी यस संस्थाको उद्देश्य देहाय बमोजिम हुने छ ।

(क) वातावरण विषयसँग सम्वन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुलाई एकीकृत गर्न प्रयास गर्ने,

(ख) वातावरण विषयसँग मेल खानेगरी कार्य गर्न वातावरण विज्ञ, विशेषज्ञहरुको क्षमता तथा कार्यकुशलतालाई अभिप्रेरित गर्ने,

(ग) कुनैपनि क्षेत्रमा वातावरणीय कार्यहरु गर्दा उल्लेखित वातावरण विज्ञ, विशेषज्ञहरुलाई समावेश गराउने,

(घ) वातावरण विषयसँग सम्वन्धित पेशागत हक हित संरक्षण, सम्वर्द्धन र गुणस्तरलाई ध्यानमा राखि कार्यहरु गर्ने गराउने,

(ङ) अध्ययन अनुसन्धान तथा परामर्श सेवालाई थप गुणस्तरिय बनाउन मापदण्ड तयार गर्न सहयोग गर्ने गराउने,

(च) वातावरणसँग सम्वन्धित तथा प्रचलित ऐन, नियम तथा नीतिहरुकोबारेमा नेपाल सरकारलाई आवश्यक सुझावहरु प्रदान गर्ने,

(छ) सरकारी मान्यता प्राप्त (ऐनद्धारा) वातावरण परिषद्को अवधारणालाई अगाडि बढाउन आवश्यक पहलकदमी गर्ने,

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस संस्थाले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेपछि मात्र उपरोक्त उद्देश्यहरु कार्यान्वयन गर्नेछ,

(ख) संस्थालाइ आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, प्रिन्टर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिइ प्रयोग गर्नेछ,

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा शर्तहरु निर्धारण गर्ने,

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ,

(ङ) अध्ययन अनुसन्धानका निम्ति आवश्यक पर्ने उपकरण तथा प्रविधिहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबै संस्थाहरुसँग साझेदारी तथा अनुदानबाट प्राप्त गर्न सकिनेछ ।

**६.** यस संस्थाले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघ, संगठनको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा गर्ने छैन ।

## परिच्छेद - ३ सदस्यता

**७. सदस्यताको वर्गीकरणः** नेपाल वातावरण समाजको सदस्यता देहायवमोजिमको हुनेछ ।

**(क) मतदान अधिकार रहनेः**

***अ) साधारण सदस्यः*** मान्यता प्राप्त स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग विषयमा स्नातकोत्तर गरेको वा स्नातक वा सोसरह उतीर्ण गरि कम्तीमा पाँच वर्ष वातावरणको क्षेत्रमा कार्य गरेको व्यक्तिले यस संस्थाको साधारण सदस्यताकोलागि आवेदन दिन सक्नेछन् ।

***आ) संस्थापक सदस्यः*** नेपाल वातावरण समाजको संस्था दर्ता गर्दा समिति सदस्यको हैसियतले यस विधानमा प्रथमपटक हस्ताक्षर गर्ने सवै जना संस्थापक सदस्य हुनेछन् ।

***इ) आजीवन सदस्यः*** संस्थाले तोकेको शुल्क बुझाई तोकिएको ढाँचामा कार्यसमिति समक्ष दफा ७ (क) (अ) र (आ) बमोजिमका सदस्यहरुले निवेदन दिएमा त्यस्ता सदस्यहरुलाई आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

**(ख) मतदान अधिकार नरहनेः**

***अ) प्रारम्भिक सदस्यः*** वातावरण सम्वन्धि विषयमा स्नातक उतीर्ण गरेको वा स्नातकोत्तर तहमा अध्ययनरत साथै वातावरणको क्षेत्रमा कम्तीमा १५ (पन्ध्र) वर्ष कार्य गरेको व्यक्तिले यस संस्थाको प्रारम्भिक सदस्यताकोलागि आवेदन दिन सक्नेछन् ।

***आ) विशिष्ठ सदस्यः*** वातावरणको क्षेत्रमा कम्तीमा २० वर्ष कार्य गरि संस्थालाई आर्थिक, नैतिक वा भौतिक रुपमा सहयोग गर्न सक्ने/गर्न इच्छुक व्यक्ति, वा सरकारी तथा सरकारी स्वामित्तका

कार्यालयका वातावरण विभाग वा वातावरणसँग सम्वन्धित निकायमा पूर्णकालिन भई १० वर्ष निरन्तर रुपमा कार्यरत व्यक्तिले आवेदन दिएमा विशिष्ठ सदस्यता प्रदान गर्न सकिनेछ ।

***इ) मानार्थ सदस्यः*** वातावरण सँग सम्वन्धित क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका तथा ख्यातिप्राप्त स्वदेशी तथा विदेशी व्यक्तिहरुलाई समितिले आवश्यक निणर्य गरि मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । यस सम्वन्धमा समितिले गरेको निणर्य आगामी साधारणसभामा अनुमोदन गराउनु पर्नेछ ।

***ई) संस्थागत सदस्यः*** वातावरणको क्षेत्रमा कम्तीमा ५ वर्ष सम्म निरन्तर रुपमा कार्य गर्दै आईरहेको संस्था, वा न्यूनतम ५ जना वातावरण विज्ञ/विशेषज्ञ संगठित भई खडा गरी ५ वर्ष निरन्तर कार्यगरेको संस्था, वा न्यूनतम ९ जना वातावरण विषयका दक्ष जनशक्ति कार्यरत जसले न्यूनतम ५ वर्ष निरन्तर वस्तु तथा सेवाहरु प्रदान गर्दै आइरहेको संस्था/कम्पनीले संस्थागत सदस्यताकोलागि आवेदन दिन सक्नेछन् । साधारणसभा तथा अन्य प्रयोजनकोलागि संस्थागत सदस्यहरुले १ जनासम्म आफ्नो प्रतिनिधि तोक्न सक्नेछन् ।

**८. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः**

(क) संस्थाको उद्देश्यसँग सहमत भई दफा ७ बमोजिमको न्यूनतम योग्यता पूरा भएको हुनुपर्ने ।

(ख) दफा ९ बमोजिमका कुनै पनि अभियोग नलागेको वा अयोग्य नभएको हुनु पर्ने ।

**९. संस्थाको सदस्य नियुत्त हुन वा वहाल रहन नसक्ने अवस्थाः** देहायको कुनै व्यत्ति संस्थाको सदस्य पदमा नियत्ति हुन सक्ने छैन ।

(ख) मगज बिग्रीएको वा बौलाएको

(ग) फौजदारी अभियोगमा परेको

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाभ्की गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको

(छ) सदस्यको मृत्यु भएमा

(ज) लिखित सूचनाद्धारा संस्थाको सदस्यता त्याग गरेमा

**१०. देहायको अवस्थामा कुनै व्यत्ति संस्थाको सदस्यता बहाल रहने छैनः**

(ख) साधारण सभाबाट ७५% को बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

(च) व्यत्तिलाइ संस्थाको सदस्यमा नियुत्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाइ सो कुराको सूचना दिइ सफाइको सवुत पेश गर्ने मौका दिनुपर्नेछ ।

**११. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

(क) यस विधानको दफा ७, ८ र ९ बमोजिम योग्यता पुगेका नेपाली नागरिक तथा संघ संस्थाहरुले यस संस्थाले तोकेको ढाँचामा योग्यताको प्रमाणहरुसमेत संलग्न गरि आवेदन शुल्क सहित आवेदन दिए

पश्चात समितिले आवश्यक अध्ययन गरि सदस्यता प्रदान गर्ने/नगर्ने निर्णय गर्नेछ । सदस्यताको निर्णय लिखित रुपमा दिएको १५ दिन भित्रमा तोकिएको सदस्यता शुल्क बुझाएपछि कार्यालयले सदस्यता प्रमाणपत्र प्रदान गर्नेछ । मानार्थ सदस्य बाहेकका सदस्यहरुले प्रत्येक आर्थिक वर्षको अन्त्यमा तोकिएको शुल्क बुझाई सदस्यता नविकरण गराउनुपर्नेछ । कुनैपनि एक वा सो भन्दा वढि वर्षहरु नविकरण नभएमा सदस्यता खारेजि नहुने तथा जरिवाना समेत नलाग्ने हुनाले नविकरण नभएका त्यस्ता सदस्यहरुले उक्त आर्थिक वर्षहरुमा हुने साधारणसभा तथा अन्य प्रयोजनहरुमा आफ्नो हक दावी गर्न पाउने छैनन् ।

(ख) सदस्यता शुल्क देहाय बमोजिम रहेको छ ।

| सदस्यता प्रकार | सदस्यता शुल्क (रु.) | नविकरण शुल्क (रु.) |
|---|---|---|
| साधारण सदस्य | १५०० | ५०० |
| संस्थापक सदस्य | १५०० | ५०० |
| आजीवन सदस्य | एकमुष्ठ रु. १०,००० | |
| प्रारम्भिक सदस्य | ५०० | २०० |
| विशिष्ठ सदस्य | ५०० | २०० |
| मानार्थ सदस्य | शुल्क नलाग्ने | |
| संस्थागत सदस्य | ५००० | २००० |

## परिच्छेद - ४ साधारण सभा तथा बैठक सम्बन्धि व्यवस्था

**१२. साधारण सभाको गठन:** यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने सदस्यहरुको एक साधारणसभा हुनेछ । मानार्थ सदस्यहरु लगायत निर्णयबमोजिम अन्य सदस्यहरु आमन्त्रित हुनेछन । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

***(क) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :***

(अ) वार्षिक साधारण सभा र

(आ) विशेष साधारण सभा

***(ख)*** यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था दर्ता भएको मितिले छ महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुइ महिनाभित्र गरिनेछ ।

***(ग)*** यस संस्थाको वार्षिक साधारण सभा गर्नकालागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नकालागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई सूचना दिइनेछ ।

***(घ)*** उप-दफा (ग) बमोजिम बोलाइएको साधारण सभामा दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिइ पुनः साधारण सभा बोलाइनेछ ।

**१२ साधारण सभा**

***(क) वार्षिक साधारण सभा:***

(अ) संस्थाको सम्पूर्ण सदस्यहरुको भेलालाई साधारण सभा भनिनेछ र साधारण सभा सर्वोच्च अंग हुनेछ ।

(आ) संस्थाको साधारण सभा वर्षको एक पटक हुनेछ ।

(इ) वार्षिक साधारण सभाको सूचना हरेक सदस्यलाइ कम्तिमा १५ दिन अगाडि दिनु पर्नेछ ।

(ई) सूचनामा सभा, स्थान, मिति, समय तथा छलफलको विषय समेत खोलिएको हुनु पर्नेछ ।

***(ख) विशेष साधारण सभाः***

(अ) तत्काल केही कार्य गर्न आवश्यक छ भनि कार्य समितिले निर्णय गरेमा वा सम्पूर्ण सदस्यको २५% सदस्यले लिखित अुनरोध गरेमा विशेष साधारण सभा बोलाइनेछ ।

(आ) विशेष साधारण सभाको सूचना सम्पूर्ण सदस्यलाइ कम्तिमा सात दिन अगावै दिनु पर्नेछ ।

(इ) विशेष साधारण सभामा दुइ तिहाई सदस्यहरुको उपस्थितिलाई गणपूरक मानिनेछ र उपस्थिति संस्थाको दुइ तिहाइको निर्णयलाइ विशेष साधारण सभाको निर्णय मानिनेछ ।

**१३. साधारण सभाको काम कर्तव्य र अधिकारः**

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिका सदस्यहरुको निर्वाचन गर्ने ।

(ख) कार्य समितिद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन, आय व्यय तथा लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने ।

(ग) आगामि वर्षका लागि संस्थाका योजना तथा कार्यक्रमहरु तय गर्ने ।

## परिच्छेद - ५ कार्यसमिति, पदाधिकारीको काम कर्तव्य र अधिकार

**१४. कार्यसमितिः**

(क) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । संस्था दर्ता गर्नकालागि एक तदर्थ समिति गठन हुनेछ । तदर्थ समितिले गरेका कार्यहरु कार्यसमितिले गरेका सरह मानिने छ । उक्त समितिले संस्था दर्ता गरि ६ महिना भित्रमा प्रथम वार्षिक साधारण सभा बोलाई नयाँ कार्यसमितिको चयन गर्नेछ । नयाँ कार्यसमिति निम्नानुसारको रहने छ ।

| | |
|---|---|
| (१) अध्यक्ष | १ जना |
| (२) उपाध्यक्ष | ३ जना |
| (३) महासचिव | १ जना |
| (४) सचिव | १ जना |
| (५) कोषाध्यक्ष | १ जना |
| (६) सदस्य | ७ जना |
| (७) पदेन सदस्य | १ जना (निवर्तमान अध्यक्ष) |

(ख) उपदफा (क) बमोजिमको कार्यसमिति निर्माण गर्दा समावेशितालाई ध्यानमा राखेर निर्माण गरिने छ । साथै ३ जना उपाध्यक्षहरुमा विषयगत हिसावले वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग समूहका एक एक जना रहनेछन् ।

(ख) यस संस्थामा बढिमा १५ जनाको कार्यसमिति हुनेछ ।

(ग) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेका सदस्यहरुको पद रिक्त हुन आएमा बाँकि अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्धारा गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य बाँकि कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्य समितिको बैठक आवश्यकतानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संस्थाको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

(च) कार्यसमितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्यसमितिको बैठक हुने छैन ।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र सो को पनि अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

(ञ) कार्यसमितिको बैठकमा छलफल भएको विषय वा तत्सम्बन्धमा भएको निर्णयको विवरण ( माइन्यूट) छुट्टै किताबमा लेखीराख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नु पर्नेछ ।

(ट) माथिका उप-दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाइ निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१५. पदत्याग गर्न सक्नेः**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

**१६. अन्य समितिहरुः**

यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिको आवश्यकता अनुसार अन्य सचिवालय, समिति वा उप-समिति गठन गर्न सक्नेछ । यसरी गठन भएका अन्य समिति वा उप-समितिहरुको काम कार्यसमितिले तोकिदिए बमोजिमको हुनेछ । तर यस्ता समिति वा उप-समितिहरुका गठन साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

***(१) अध्यक्ष :***

(क) कार्यसमितिको बैठक बोलाउन महासचिवलाइ निर्देशन दिने ।

(ख)	संस्थाको  नेतृत्व गर्ने ।

(ग)	साधारण सभाद्वारा गरिएका निर्णय लागू गर्ने, गराउने ।

(घ)	कार्यसमितिको र साधारण सभाको बैठकमा अध्यक्षता ग्रहण गर्ने र उक्त बैठक एवं सभामा मत बराबर हुँदा निर्णायक मत दिने ।

(ङ)	संस्थाको हितमा अन्य आवश्यक कार्य गर्ने ।

*(२)	उपाध्यक्षः*

(क)	अध्यक्षको कार्यमा सघाउ पुऱ्याउने ।

(ख)	अध्यक्षको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकार प्रयोग गर्ने ।

(ग)	कार्यसमितिले तोके बमोजिमको काम गर्ने ।

*(३)	महासचिवः*

(क)	अध्यक्षको निर्देशन अनुसार कार्यकारिणी समिति र साधारण सभाको बैठक बोलाउने ।

(ख)	कार्य समितिबाट पारित निर्णयहरुको अभिलेख राख्ने, राख्न लगाउने र कार्यान्वयन गर्ने

(ग)	बैठकको कार्यसूची तयार गर्ने र सूचना दिने ।

(घ)	संस्थाका दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने, संस्थाको रेखदेख, नियन्त्रण / पत्राचारका काम गर्ने ।

*(४) सचिब*

(क) महासचिबको अनुपस्थितिमा महासचिवले गर्ने कार्य गर्ने ।

*(५)	कोषाध्यक्षः*

(क)	संस्थाको आर्थिक गतिविधि रेखदेख र सञ्चालन गर्ने ।

(ख)	संस्थाको हिसाब, श्रेस्ता दुरुस्त राख्ने ।

(ग)	कार्य समितिले तोकेको काय गर्ने ।

(घ)	साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

*(६)	सदस्य :*

(क) कार्यसमितिका बैठकमा भाग लिने ।

(ख) कार्यसमितिले तोकको काम गर्ने ।

**१८.	गणपूरक संख्याः**

कुल सदस्य संख्याको ६० (साठी) प्रतिशतको प्रतिनिधित्व हुनेगरी साधारण सदस्यहरु उपस्थिति नभई साधारण सभाको काम कारबाही हुने छैन । तर विधानको दफा ११ (घ) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुनेगरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ६ कोष तथा लेखा व्यवस्था

**१९.	संस्थाको कोषः**

(१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन :

(क) सदस्यता शुल्क वापत प्राप्त रकम

(ख) कसैले स्वेच्छाले दिएको अनुदान र सहायताबाट प्राप्त रकम

(ग) कुनै राष्ट्रिय तथा अन्तर्राराष्ट्रिय व्यक्ति, संघसंस्था, सरकारी तथा गैर सरकारी संस्था आदिले कुनै पनि निर्धिष्ठ कार्य गर्न तोकिएको रकम ।

(घ) संस्था को चल अचल सम्पति बिक्रीबाट प्राप्त रकम ।

(ङ) वैदेशिक सहयोग लिँदा समाज कल्याण परिषद्को स्वीकृति लिइने छ ।

**२०. खाता सञ्चालनः**

(१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन् :

(क) सदस्यता शुल्क वापत प्राप्त रकम

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम,

(२) संस्थाको अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिकाः**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाइ खर्च गरिनेछ

(क) दफा १९ बमोजिमका स्रोतबाट प्राप्त हुने आम्दानीको रसिद भर्पाई दिइनेछ र रकम बैंकमा जम्मा गरी, कार्य समितिलाइ जानकारी दिइनेछ ।

(ख) सम्पूर्ण आर्थिक कारोबार कोषाध्यक्ष मार्फत हुनु पर्नेछ । तर आकस्मिक अवस्थामा अध्यक्षले रु. २०,००० सचिवले रु. १५,००० र अन्य सदस्यले रु. ५,००० सम्म संस्थाको वा संस्थासँग जोडिएको कामको लागि खर्च गर्न सक्नेछन् । त्यो खर्च आउँदो बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

(ग) कामको लागि अध्यक्ष वा महासचिवको सिफारिसमा एक पटकमा रु. २५,००० सम्म पेश्की लिन सकिनेछ । सो भन्दा बढी पेश्की लिनु परेमा कार्यकारिणीको निर्णय अनिवार्य छ, तर दुई पटकसम्म लगिएको पेश्कीको फछ्र्यौट नगरेमा तेस्रो पटक पेश्की दिइने छैन । दुई महिनासम्म पेश्की फछ्र्यौट नगरेमा बेरुजु मानिनेछ ।

(घ) वातावरण समाज मार्फत कुनैपनि विशेष परियोजना सञ्चालन गरिएमा सो रकम को खर्च परियोजनाको करारमा उल्लेख भएबमोजिम वा कार्यकारिणी समितिबाट निर्णय भएबमोजिम हुनेछ ।

**२२. संस्थाको लेखा र लेखापरीक्षणः**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखत संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

(४) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

(५)	लेखा परीक्षणको प्रतिवेदन हरेक वर्ष स्थानीय अधिकारी, र जिविसमा पेश गरिनेछ ।

## परिच्छेद - ७ विविध

**२३.	निर्वाचन सम्बन्धि व्यवस्थाः**

संस्था दर्ता भएको ६ महिना भित्र कार्यसमितिको निर्वाचन गरी त्यसको जानकारी स्थानीय अधिकारीलाइ दिइनेछ । निर्वाचन गर्नकालागि तत्काल कायम रहेको कार्यसमितिले एक निर्वाचन समितिको गठन गर्नेछ । निर्वाचन सम्बन्धि कार्य तत्काल प्रचलित ऐन कानूनमा तोकिएको बमोजिम गठति समितिले गर्नेछ ।

**२४.	उम्मेद्वार हुने योग्यताः** साधारणसभामा कार्यसमितिको निर्वाचन प्रयोजनकोलागि उम्मेद्वार हुनककोलागि देहायबमोजिम हुनेछ ।

(क)	दफा ७ (क), ८, ९, १० र ११ बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिहरु ।

(ख)	कुनैपनि व्यक्ति २ कार्यकाल भन्दा वढी अध्यक्षमा रहन सक्ने छैन । साथै जुनसुकै पदमा रहेर कार्य गरिसकेको कुनैपनि व्यक्ति ४ कार्यकाल भन्दा बढी कुनैपनि पदमा यस संस्थाको कार्यसमितिमा रहन सक्ने छैन ।

**२५.	अविश्वासको प्रस्तावः**

(क)	कार्यकारिणी समितिका विरुद्ध कुनै पनि साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ । तर निर्वाचनको एक वर्ष पनि नपुगिकन अविश्वासको प्रस्ताव राख्न सकिनेछ ।

(ख)	साधारण सभाको सदस्य मध्ये एक तिहाइ सदस्यको हस्ताक्षर नभएको र कम्तिमा एक जना प्रस्तावक तथा दुइ जना सर्मथक नभएको प्रस्ताव स्वीकार गरिने छैन ।

(ग)	सम्पूर्ण सदस्य संख्याको दुइ तिहाइ मत प्राप्त नभएमा त्यस्तो प्रस्ताव पारित भएको मानिने छैन ।

(घ)	अविश्वासको प्रस्ताव पारित भएमा उक्त व्यक्तिपदबाट हट्ने छ, साधारण सदस्यबाट भने हट्ने छैन । तर अविश्वासको अभियोग लागेको पदाधिकारी वा सदस्यलाइ सो कुराको जानकारी साधारण सभामा पेश हुनु भन्दा पहिले लिखित जनाउ दिइनेछ र उक्त पदाधिकारी वा सदस्यलाइ सफाइको मौका दिने व्यवस्था रहनेछ ।

**२६.	विधान संशोधनः**

कुल सदस्य संख्याको दुइ तिहाइ सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२७.	विनियम बनाउन सक्नेः**

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानीय अधिकारीलाइ दिनु पर्नेछ ।

**२८.	कर्मचारीको व्यवस्थाः**

(क) संस्थाको दैनिक कार्य सञ्चालन योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारीको दरबन्दी सृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा कर्मचारीहरुको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंसवेक राख्ने अवस्था भएमा निजले कार्य गर्ने अवधि, पुऱ्याउने सेवा त्यसको औचित्य, सुविधा र निजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत पेश गरी स्वीकृति लिइनेछ ।

**२९. तदर्थ समितिः**

यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नकालागि समितिको गठन गर्नु पर्नेछ । सो अवधिमा कार्य समितिले गरको कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

**३१. सल्लाहकार सम्वन्धि व्यवस्थाः** संस्थाले आवश्यक ठानी संस्थालाई आवश्यक सुझाव तथा सल्लाहहरु लिनकोलागि वातावरण क्षेत्र लगायतका विशिष्ट विज्ञ तथा व्यक्तिहरु मध्येबाट समावेशी रुपमा बढीमा ५ जानाको सल्लाहकार समिति गठन गरि संयोजक सहित सल्लाहकारहरु सदस्यहरु राख्न सकिने छ । सल्लाहकार समितिको बैठकको संयोजन समिति अध्यक्षले गर्नेछ ।

**३१. संस्थाको खारेजीः**

(क) साधारण सभाले आवश्यक देखेमा कारणसहित विशेष प्रस्ताव दुइतिहाई बहुमतले पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब जाँच गर्नकालागि एक वा एकभन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपदफा (ख) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परीक्षकले संस्था खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

(४) कुनै कारण संस्था खारेज भई अर्को व्यवस्था नभएमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

**३२. कार्यसमितिका पदाधिकारीहरु र सदस्यहरुको पालना गर्नु पर्ने :**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

**३३. ऐन अनुसार हुनेः**

(क) यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनमा बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

(ख) यो विधान वा विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

**३४. निर्देशनको पालनाः**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालन गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३५.** हामी नेपाल वातावरण समाज (Nepal Environment Society) का निम्न तदर्थ समिति सदस्यहरुहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भइ निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

**संस्थाको नाम, ठेगाना**

१. नाम थर : नेपाल वातावरण समाज (Nepal Environment Society)

ठेगानाः काठमाडौं जिल्ला, किर्तीपुर नपा, वडा नं ३

**संस्थापक सदस्यहरुः**

| **क.सं. पद्** | **नाम** | **ठेगाना** | **हस्ताक्षर** |
|---|---|---|---|
| १) अध्यक्ष | प्रा. डा. मदन कोइराला | धरान-१४, सुनसरी | |
| २) उपाध्यक्ष | डा. सलिल देवकोटा | खुमलटार-१५, ललितपुर | |
| ३) सचिव | सागर तिवारी | छहरा-७, पाल्पा | |
| ४) सह-सचिब | दिपेन्द्र भट्टराई | ज्ञानेश्वर, काठमाडौं | |
| ५) कोषाध्यक्ष | रिता सिंह | जितपुर-२, बारा | |
| ६) सदस्य | मौसम खनाल | मंगलबारे-६, इलाम | |
| ७) सदस्य | रमेश प्रसाद भुसाल | पर्वत | |
| ८) सदस्य | विपिन आचार्य | वडलम्जी-१, दैलेख | |
| ९) सदस्य | प्रकाश वस्नेत | इटहरी-५, सुनसरी | |
| १०) सदस्य | मनिशा राजभण्डारी | हाँडीगाऊ-५, काठमाडौं | |
| ११) सदस्य | मनकुमार धमला | चकचकी-६, झापा | |
| १२) सदस्य | विमल घिमिरे | हर्मी-६, गोरखा | |
| १३) सदस्य | शान्ती कारन्जीत | लोकन्थली, भक्तपुर | |
| १४) सदस्य | सृजना भूषाल | सन्धीखर्क-७, अर्घाखाँची | |
| १५) सदस्य | सालू अधिकारी | सिनामंगल-९, काठमाडौं | |

**साक्षीको नाम, थर, ठेगाना**

| क्र.सं | नाम थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १) | | | |
| २) | | | |
| ३) | | | |
| ४) | | | |
| ५) | | | |
| ६) | | | |
| ७) | | | |
| ८) | | | |
| ९) | | | |
| १०) | | | |
| ११) | | | |
| १२) | | | |
| १३) | | | |

**अनुसुची १**

**(संस्थाको छाप र चिन्ह)**

संस्थाको छाप र चिन्ह निम्नबमोजिमको हुनेछ । उक्त छाप तथा चिन्हमा तीन विभिन्न रंगहरु (हरियो, निलो र खैरो) मिसीएको तीनओटा विरुवाका पातहरु तीन तर्फ फर्किएको र तल्लो दायाँ भागमा Nepal Environment Society 2013 लेखिएको हुनेछ ।

Nepal
Environment
Society
2013